राष्ट्रको सञ्चार

नेपाल टेलिकम

# Telecom Newsletter

नेपाल दूरसञ्चार कं.लि., भद्रकालीप्लाजा, काठमाडौं




Volume 22, Issue 6 No. 149 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Magh 2079 (Jan-February 2023)

# नेपाल टेलिकमको पन्ध्रौं वार्षिक साधारणसभा सम्पन्न




नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको पन्ध्रौं वार्षिक साधारणसभा २०७९ पुस २८ गते सम्पन्न भएको छ। राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौंमा सम्पन्न भएको साधारणसभाले आर्थिक वर्ष २०७८/७९ को मुनाफा रकम मध्येबाट प्रतिशेयर ४० रुपैयाँका दरले शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको थियो।

साधारणसभामा करिब ९२ प्रतिशत शेयरधनीहरुको उपस्थिति रहेको थियो। उक्त सभामा आर्थिक वर्ष २०७८/७९ को लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदनसहितको आर्थिक वर्ष २०७८/७९ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरु उपर छलफल गरी सर्वसम्मतले पारित भएको छ।

यसैगरी साधारणसभाले महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७९/८० को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउण्टेण्ट महेशकुमार गुरागाईं र चार्टर्ड एकाउण्टेण्ट पियुष आनन्दलाई लेखापरीक्षक नियुक्त गर्नुका साथै पारिश्रमिक समेत तोकेको छ।

सो अवसरमा कम्पनी सञ्चालक समितिका अध्यक्ष एवं सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा. वैकुण्ठ अर्यालले साधारणसभामा उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै कम्पनीको पन्ध्रौं वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो। प्रतिवेदन प्रस्तुत गर्दै उहाँले कोभिड-१९ को महामारी तथा यसको प्रभाव र असरका बीच कम्पनीले सापेक्षित सफलता पाएको उल्लेख गर्दै दूरसञ्चार क्षेत्रको विश्वबजारमा विकास भइरहेका नवीनतम र अत्याधुनिक प्रविधिको प्रयोग गरी सेवालाई थप गुणस्तरीय बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। दूरसञ्चार क्षेत्रमा विद्यमान

(बाँकी २ पेजमा)

# सुलभ दरका भ्वाइस, डाटा र एसएमएस प्याकहरु

नेपाल टेलिकमले २०७९ पुस २८ गतेदेखि प्रयोग गर्न सकिने गरी विन्टर अफर २०७९ (Winter Offer 2079) उपलब्ध गराइरहेको छ। कम्पनीले पहिले उपलब्ध गराइरहेको अटम अफर (Autumn Offer) लाई ग्राहकहरुको रुचि अनुसार परिमार्जन गरी थप आकर्षक बनाएर विन्टर अफर उपलब्ध गराएको हो।

विन्टर अफरमा कम्पनीले उपलब्ध गराइरहेको सजिलो प्रिपेड कम्बो अफरलाई निरन्तरता दिएको छ। यसमा कम्पनीका प्रिपेड मोबाइलका ग्राहकलाई रु. १९९ देखि रु. ६९९ सम्मका सुलभ दरका २८ दिनसम्म प्रयोग गर्न सकिने डाटा, भ्वाइस र सन्देशका विभिन्न प्याकहरु उपलब्ध छन्। यस अफर अन्तर्गत जम्मा रु. ६९९ मा २८ दिनका लागि कुल २८ जिबी डाटा (दैनिक १ जीबी), दैनिक १ सय मिनेट कुराकानी गर्ने र दैनिक १ सयवटा सन्देश पठाउन सकिने सुविधाहरु उपलब्ध रहेको छन्। यसैगरी रु. ४९९ मा २८ दिनका लागि कुल १९,६०० एमबी डाटा (दैनिक ७०० एमबी), दैनिक ७० मिनेटको भ्वाइस प्याक र ७० वटा सन्देश पठाउन सकिने सुविधा पनि उपलब्ध छ। जम्मा रु. ३४९ मा उपलब्ध अर्को प्याक खरिद गर्दा २८ दिनका लागि कुल १४ जीबी डाटा (दैनिक ५०० एमबी), दैनिक ५० मिनेटको कुराकानी गर्ने र ५० वटै सन्देश पठाउन

(बाँकी २ पेजमा)



(१ पेजको बाँकी)

# नेपाल टेलिकमको ...




तीव्र प्रतिस्पर्धाको वातावरणमा पनि मुनाफाभन्दा बढी सेवाभावलाई प्राथमिकतामा राखी भौगोलिक रुपले अति विकट तथा दुर्गम क्षेत्रमा अत्याधुनिक दूरसञ्चार सेवाहरु विस्तार तथा वितरण गर्दै डिजिटल नेपाल बनाउने नेपाल सरकारको अवधारणामा सहयोग गर्ने, विद्युतीय सुशासनको क्षेत्रमा सहयोगी भूमिका निर्वाह गर्ने तथा अप्टिकल फाइबरको माध्यमबाट सूचना महामार्ग निर्माण गर्नेतर्फ कम्पनीले आफ्ना कार्यक्रमहरुलाई परिलक्षित गरेको उहाँले बताउनु भयो ।

प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष अर्यालले भन्नुभयो- “आर्थिक वर्ष २०७८/७९ मा आन्तरिक तथा बाह्य वातावरणमा देखिएका विविध प्रतिकूलताका बीच कम्पनीले कुल रु. ४४ अर्ब ३७ करोड राजश्व आम्दानी गरी रु. ८ अर्ब ४७ करोड खुद नाफा गर्न सफल भएको छ। यो नाफा गत वर्षको भन्दा रु. १ अर्ब ३५ करोडले बढी हो। यसै आ.व.मा कम्पनीले कर तथा शुल्क वापत आफ्नो कुल आयको ५९.५२ प्रतिशत अर्थात् रु. २६ अर्ब ४१ करोड राजश्वका रुपमा नेपाल सरकारलाई बुझाएको छ। कम्पनीको नाफामा शेयरधनीहरुको योगदान र लगानीको उच्च कदर गर्दै कम्पनी सञ्चालक समितिले प्रति शेयर रु. ४० लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृतिका लागि यस सभामा पेश गर्ने निर्णय गरेको छ।”

प्रत्येक नागरिक, उद्योग व्यवसाय तथा सरकारी क्षेत्रका लागि अधारभूत आवश्यकताका रुपमा स्थापित हुँदै गरेको सूचना प्रविधिलाई थप गुणस्तरीय तथा प्रभावकारी बनाउन कम्पनीले फोरजी एलटीई प्रविधिमा आधारित भोल्टे सेवा तथा एफटीटीएच सेवा विस्तारको लागि आवश्यक पूर्वाधार निर्माण र स्तरोन्नति तथा वितरणमा तीव्रता दिएकोले २०७९ असारसम्ममा देशका ७३५ स्थानीय तहमा अत्याधुनिक दूरसञ्चार सेवाको पहुँच विस्तार भएको उहाँले उल्लेख गर्नुभयो। अझै पनि कम्पनीबाट उपलब्ध टुजी प्रविधिको उपयोग गर्ने ग्राहकको संख्या उल्लेख्य रहेकाले यसको गुणस्तर सुधारसहित विस्तार गर्नुका साथै बहुसंख्यक ग्राहकले प्रयोग गर्ने फोरजी सेवाको स्तर वृद्धि गरी सेवा विस्तारलाई निरन्तरता दिइएको छ। नेपाल दूरसञ्चार प्राधिकरणबाट फाइभजी प्रविधिको परीक्षण अनुमति प्राप्त भए अनुसार यसको परीक्षण सम्पन्न गर्नेगरी काम अघि बढाइएको पनि अर्यालले बताउनु भयो।

कम्पनी सञ्चालक समितिका अध्यक्ष अर्यालले अगाडि भन्नुभयो- “दूरसञ्चारको प्रतिस्पर्धात्मक बजारमा कम्पनीलाई सक्षम संस्थाको रुपमा विकास गर्न कम्पनीको निर्णय प्रक्रिया, कार्यशैली र संस्थागत संरचनामा सुधार गर्न नीति नियमलाई थप व्यावहारिक र समयसापेक्ष बनाउँदै कम्पनीलाई परिवर्तनमुखी तथा गतिशील संगठनको रुपमा अघि बढाउने एवं कम्पनीको पुनर्संरचना गर्नेतर्फ विशेष ध्यान दिइएको छ। कम्पनीमा सञ्चित रकमलाई उच्च प्रतिफल प्राप्त हुने र जोखिम न्यून गर्नेगरी विविध क्षेत्रमा लगानी गर्ने नीतिअनुरुप अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लगानीका क्षेत्र पहिचान गर्न शुरु गरिएको छ।”

कम्पनीको लगानी नीतिअनुरुप लगानी विविधिकरण गरी वित्तीय अवस्था सुदृढ गरिने, वित्तीय अनुशासन कायम गरी खर्चमा मितव्ययिताको सिद्धान्त आवलम्बन गर्ने तथा कम्पनीका सेवाका गुणस्तर सुधारमा विशेष ध्यान दिइने प्रतिबद्धता पनि सभासामु अध्यक्ष अर्यालले व्यक्त गर्नुभयो। विश्वभर नै भ्वाइस सेवाको माग दिनानुदिन घट्दै गइरहेको सन्दर्भमा डाटाको गुणस्तर सुधार गरी लागतप्रभावी बनाउन विशेष जोड दिइने, भ्वाइस सेवामा सुधार गर्दै साझेदार संस्थाहरुसँगको सहकार्य समेतमा भ्यालु एडेड सर्भिसहरु र कन्टेन्ट वेस्ड सेवाहरुको विस्तार गर्ने कार्यमा कर्मचारी, नियामक निकाय तथा शेयरधनी महानुभावहरुबाट सदाझैं पूर्ण सहयोग प्राप्त हुने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

कम्पनीका चालु तथा नयाँ आयोजनाहरु अन्तर्गत वायरलाइन, वायरलेस, सूचना प्रविधि तथा बिलिङ र व्याकबोन प्रसारणतर्फ भइरहेका कार्यहरु बारेमासमेत उहाँले जानकारी प्रदान गर्नुभएको थियो।

कम्पनीका अध्यक्षले साधारणसभामा शेयरधनी महानुभावहरुले उठाउनु भएका विभिन्न सुझावहरुको नीतिगत र व्यावहारिक रुपले सम्भव भएसम्म कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्दै सुझावहरुप्रति आभार व्यक्त गर्नुभयो। कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक सुनिल पौडेलले शेयरधनी महानुभावहरुले उठाउनु भएका केही विषयहरु थप प्रष्ट पार्नुभएको थियो।

पन्ध्रौं साधारण सभाले पारित गरे बमोजिमको लाभांश रकम सोही दिन (२०७९पुस २८गते) देखि एनएमबी बैंकमार्फत शेयरधनीहरुलाई वितरण गर्ने व्यवस्था गरिएको थियो।

(१ पेजको बाँकी)

# सुलभ दरका ...

सकिने सुविधा उपलब्ध रहेको छ। जम्मा रु. १९९ मा २८ दिनका लागि कुल ४२०० एमबी डाटा ((दैनिक १५० एमबी), दैनिक १५ मिनेट कुराकानी गर्ने र १५ वटा सन्देश पठाउन सकिने सुविधा उपलब्ध रहेको छ। यस अफर अन्तर्गतका रु. १९९ देखि रु. ६९९ सम्मका कुराकानी गर्ने र सन्देश पठाउन सकिने प्याकहरु सबै नेटवर्कका लागि उपलब्ध रहेका छन्।

स्टे कनेक्टेड अफर अन्तर्गत यसअघि उपलब्ध प्याकलाई ग्राहकको चाहना बमोजिम थप सुलभ दरमा उपलब्ध गराइएको छ। जम्मा रु. १३० मा ५ दिनका लागि २ जीबी सबै नेटवर्कमा र ४ जीबी फोरजी नेटवर्कमा प्रयोग गर्न सक्नेगरी जम्मा ६ जीबी डाटा सुविधा र १ सय ५० मिनेट सबै नेटवर्कमा कुरा गर्न सकिने प्याक उपलब्ध रहेको छ। रु. १०० र रु. २०० का स्टे कनेक्टेड अफरहरु पनि निरन्तर प्रयोग गर्न सकिन्छ।

यसैगरी एफटीटीएच सेवामा वार्षिक ४० र ८० एमबीपीएस इन्टरनेट व्याण्डविथसहित आइपिटिभी र भ्वाइस सेवाको ट्रिपल प्ले प्याक थप सुलभ दरमा उपलब्ध गराइएको छ। अब ४० र ८० एमबीपीएस इन्टरनेट व्याण्डविथसहितको ट्रिपल प्ले प्याक नवीकरण गर्दा क्रमश: जम्मा १६ हजार ६ सय ८२.६४ रुपैयामा र २१ हजार ५ सय ४१.५४ रुपैयाँमात्र लाग्दछ। एफटीटीएच सेवामा पहिलेदेखि नै उपलब्ध गराइएका यसअघिका अरु सबै प्याकहरु निरन्तर उपयोग गर्न सकिन्छ।

पोस्टपेड कम्बो प्याक अन्तर्गत उपलब्ध भइरहेको जम्मा रु. ३७३ मा ३० दिनसम्म प्रयोग गर्न सकिने अन नेट ८ सय मिनेटको भ्वाइस प्याक र रु. ३७३ मै ३० दिनसम्म प्रयोग गर्न सकिने ४ जीबी डाटा प्याकमा रेन्टल समावेश गरी निरन्तरता प्रदान गरिएको छ।

सजिलो अनलिमिटेड पोस्टपेड प्याक अन्तर्गत रु.७९९, ९९९ र १४९९ का असीमित सुविधाहरु प्रयोग गर्न सकिने प्याकहरु निरन्तर उपलब्ध छन्। यसमा रु. ७९९ मा कम्पनीभित्रकै नेटवर्कमा असीमित र अन्य सेवा प्रदायकको नेटवर्कमा ५०० मिनेट कुराकानी गर्न सकिने, अल नेट २०० वटा सन्देश पठाउन सकिने र प्रतिदिन १ जीबी डाटा ३० सम्म चलाउन सकिने अफर पनि रहेको छ। रु. ९९९ र रु. १४९९ का ३० दिन समयावधि भएका प्याकमार्फत कम्पनीभित्र र बाहिरको नेटवर्कमा पनि असीमित कुराकानी (अल नेट अनलिमिटेड) गर्न सकिनुका साथै क्रमश: प्रतिदिन २ जीबी र ४ जीबी डाटा तथा ४०० वटा र १००० वटा अल नेट सन्देश पठाउन सकिने सुविधा उपलब्ध रहेको छ।

यी बाहेक पहिलेदेखि नै उपलब्ध अफरहरुलाई निरन्तरता दिइएको छ। अफर प्राप्त गर्नका लागि ग्राहकले *1415# डायल गर्नु पर्दछ। कम्पनीको ‘नेपाल टेलिकम’ एपबाट पनि यससम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत विस्तृत जानकारी प्राप्त गर्न सकिन्छ।

# दुर्गम गाउँमा कम्पनीको फोरजी सेवा

नेपाल टेलिकमले आफ्नो दायित्व बोध गरी देशभरी आधुनिक तथा उच्च गुणस्तरको सेवा पुऱ्याउन व्यावसायिक लाभ नहुने देशका अत्यन्त दुर्गम र विकट वस्तीहरुमा पनि अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराउँदै आएको छ। यस क्रममै बागलुङ जिल्लाको दुर्गम गाउँ खानीमा चौथो पुस्ताको मोबाइल सेवा फोरजी उपलब्ध गराइएको हो। सो जिल्लाको ढोरपाटन नगरपालिकाको वडा नम्बर ६ मा फोरजी सेवा सञ्चालन भएपछि त्यस क्षेत्रका २ सय घरधुरी यसबाट प्रत्यक्ष लाभान्वित भएका छन्। गाउँभन्दा माथि डाँडामा राखिएको टावरबाट सो वडाका खानीगाउँ, खिबाङ, खोरिया, थाम्का र चामीदुवारका वासिन्दाले गुणस्तरीय आवाज सहितको तीव्र गतिको इन्टरनेट सेवा उपयोग गर्न पाएका छन्।

भौगोलिक हिसाबले जिल्लाकै विकट स्थानका रुपमा परिचित ती गाउँहरुमा यसअघि थ्रीजी र टुजी सेवा उपलब्ध रहेको थियो। देशका सबै वस्तीहरुमा अत्याधुनिक दूरसञ्चार सेवाहरु उपलब्ध गराई डिजिटल



डिभाइड न्यूनीकरण गर्दै जाने र डिजिटल नेपाल निर्माणको सरकारी योजनालाई साकार बनाउन कम्पनीले सेवा विस्तार गरिरहेको छ।

# कम्पनीको ग्राहक आधार

नेपाल टेलिकमको ग्राहक आधार २०७९ मंसिर महिनाको अन्त्य सम्ममा २ करोड १३ लाख २५ हजारभन्दा बढी रहेको छ। ती मध्ये जीएसएम मोबाइलका ग्राहक २ करोड १ लाख ८६ हजार, सीडीएमए सेवाका ४ लाख ३७ हजार र पीएसटीएन सेवाका ग्राहक ४ लाख ५५ हजार रहेका छन्। त्यसैगरी एफटीटीएच भ्वाइस सेवाका ग्राहक २ लाख ४७ हजार ११४ रहेका छन् भने एफटीटीएच डाटाका ग्राहक २ लाख ११ हजार ५७९ रहेका छन्। यो अवधिमा फोरजी प्रयोगकर्ता १ करोड १५ लाख ५० हजार छन्।

२०७९ असोज महिनाको नेपाल दूरसञ्चार प्राधिकरणको MIS प्रतिवेदनअनुसार भ्वाइस सेवातर्फ कम्पनीको बजार हिस्सा कुल ५२.२४ प्रतिशत रहेको छ।

त्यसैगरी कम्पनीको डाटा (इमेल, इन्टरनेट आदि) सेवाका प्रयोगकर्ता २०७९ मंसिर महिनाको अन्त्यसम्ममा कुल २ करोड ६ लाख १८ हजार ६ सय भन्दा बढी पुगेका छन्। सो मध्ये जीएसएम मोबाइलको डाटा सेवाका प्रयोगकर्ता २ करोड १ लाख ८६ हजार, एडीएसएल सेवाका प्रयोगकर्ता ७८ हजार र एफटीटीएच डाटा सेवाका प्रयोगकर्ता २ लाख ११ हजार रहेका छन्। यस अवधिसम्म आइपीटीभी प्रयोगकर्ता १५ हजार ४५७ छन्।

### *प्रादेशिक निर्देशनालय भैरहवा*

# अर्धवार्षिक समीक्षा र कार्य सम्पादन सम्झौता

नेपाल टेलिकम, लुम्बिनी प्रादेशिक निर्देशनालय भैरहवाले आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा सम्पन्न गरेको छ। गत पुस २४ गते सम्पन्न सो समीक्षा कार्यक्रममा प्रादेशिक निर्देशनालय अन्तर्गतका ६ वटा लेखा कार्यालयहरु दूरसञ्चार कार्यालय भैरहवा, बुटवल, पाल्पा, तुल्सीपुर र नेपालगन्जका कार्यालय प्रमुख, लेखा प्रमुख र विभागीय प्रमुखहरुको सहभागिता रहेको थियो।

सेवा विस्तार, चुस्त व्यवस्थापन र ग्राहक सेवामा समर्पित रही भावी दिशा तय गर्ने उद्देश्यका साथ सम्पन्न सो कार्यक्रममा प्रादेशिक निर्देशनालयले बाँकी अवधिका लागि निर्धारण गरेका उद्देश्य र लक्ष्य पुरा गर्न सम्पन्न गर्नैपर्ने विभिन्न योजना र विषयवस्तुका बारेमा छलफल भएको थियो।

सो अवसरमा प्रादेशिक निर्देशनालय भैरहवाका निर्देशक सैलेश बहादुर अमात्य र सबै कार्यालय प्रमुख तथा विभागीय प्रमुखबीच कार्य सम्पादन सम्झौता पनि सम्पन्न भएको थियो। कार्यालय प्रमुख र विभागीय प्रमुखहरुले प्राप्त गरेका अधिकार र जिम्मेवारी तोकेर त्यसै अनुसारको लक्ष्य तोकिएको छ। यसबाट सबै कार्यालय प्रमुख तथा विभागीय प्रमुखहरुलाई कम्पनीप्रतिको जिम्मेवारी बोध भई योजना कार्यान्वयनमा सहजता हुनुका साथै मूल्यांकनको आधार समेत निर्माण हुने विश्वास लिइएको छ।




## प्रदेश गतिविधि

लुम्बिनी प्रदेशका विभिन्न स्थानमा नेपाल टेलिकमले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग पुऱ्याउँदै आएको छ। यसै क्रममा बुटवलमा अवस्थित साधना महिला विद्यालयलाई स्यानिटरी भेन्डिङ मेसिन हस्तान्तरण गरिएको छ। लुम्बिनी प्रादेशिक निर्देशनालय, भैरहवाका उप-प्रबन्धक कमल लामिछानेले गत पुस २१ गते सो मेसिन हस्तान्तरण गर्नुभएको थियो।

त्यसैगरी रुपन्देहीको सैनामैनास्थित नेपाल बाल गृहलाई टेलिभिजन र भ्वाइस, डाटा तथा एनटिटिभीको एक वर्षे सुविधासहित विभिन्न प्रकारका सामग्रीहरु हस्तान्तरण गरिएको थियो। दूरसञ्चार कार्यालय, बुटवलका कार्यालय प्रमुख नेत्र खनालले गत पुस २२ गते एक कार्यक्रमका बीच ती सामग्री हस्तान्तरण गर्नुभयो।

नेपाल टेलिकम, लुम्बिनी प्रादेशिक निर्देशनालय भैरहवाले विगतमा पनि शिक्षा, स्वास्थ्य, सामाजिक क्षेत्र तथा विभिन्न परोपकारी संस्थाहरुमा यस्ता कार्यक्रम गर्दै आइरहेको र भविष्यमा पनि यस्ता कार्यक्रम निरन्तर रुपमा गर्ने जनाएको छ।

# संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्य

यसैगरी प्रादेशिक निर्देशनालय भैरहवाले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत प्रमुख व्यावसायिक अधिकृतको कार्यालयबाट प्राप्त टेलिभिजन सेट तथा निःशुल्क फाइबर टु द होम (एफटीटीएच) सुविधा ओमसतियास्थित सत्य साई वृद्धाश्रम सेवालाई प्रदान गरेको छ। गत पुस २२ गते आयोजित एक कार्यक्रममा प्रादेशिक निर्देशनालय, भैरहवाका निर्देशक सैलेश बहादुर अमात्यले आश्रम प्रमुख माया खरेललाई उल्लिखित सामग्री हस्तान्तरण गर्नुभएको थियो।

सामग्री हस्तान्तरण गर्दै निर्देशक अमात्यले नेपाल टेलिकमले सामाजिक उत्तरदायित्व अन्तर्गत यस्ता प्रकारका सहयोग विभिन्न संघ-संस्थालाई गर्दै आएको र आगामी दिनमा समेत सो सहयोग जारी रहने बताउनु भयो।

## मध्य पहाडी लोकमार्गमा अप्टिकल फाइबर

# यस्तो छ चालु आ.व. को अर्धवार्षिक अवधिसम्म आयोजनाको प्रगति

नेपाल दूरसञ्चार प्राधिकरणसँग भएको सम्झौता बमोजिम नेपाल टेलिकमले प्रदेश १, मधेश प्रदेश, वागमती प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा अप्टिकल फाइबर नेटवर्क विस्तार गरिरहेको छ । नेपाल टेलिकमको विशेष आयोजना विभागले चालु आर्थिक वर्ष २०७९/८० को प्रथम अर्धवार्षिक अवधिसम्ममा सबै प्रदेशमा कार्यान्वयनमा रहेका परियोजना कार्यहरुको समीक्षा सम्पन्न गरेको छ ।

गत आर्थिक वर्ष २०७८/७९ को अन्त्य सम्ममा प्रदेश १, मधेश प्रदेश र वागमती प्रदेशमा कुल ९०८.५ किलोमिटर नेटवर्क स्थापित गरिएको छ । यता कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा फाइबर नेटवर्क निर्माण गर्ने तयारी कम्पनीले गरिरहेको थियो । चालु आ.व. को प्रथम अर्धवार्षिक अवधिमा प्रदेश १ मा कुल ५५ किलोमिटर र सुदूरपश्चिम प्रदेशमा कुल २०१ किलोमिटर थप अप्टिकल फाइबर नेटवर्क व्यावसायिक रुपमा सञ्चालनमा आएको छ । यस अनुसार अर्धवार्षिक अवधिसम्म कुल १,१६४.५ किलोमिटर अप्टिकल फाइबर विस्तार कार्य सम्पन्न भइसकेको छ ।

प्राविधिक रुपमा सबै तयारी पुरा भइसके पनि प्रदेश १, मधेश प्रदेश र वागमती प्रदेश अन्तर्गत १५४ किलोमिटर र कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश अन्तर्गत १२९ किलोमिटर फाइबर नेटवर्क निकट भविष्यमा सञ्चालनमा आउन लागेको छ । कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा फाइबर नेटवर्कको विस्तारसँगै अत्याधुनिक दूरसञ्चार सेवाहरु एफटीटीएचका साथै फोरजी सेवाको सहज उपलब्धता हुनेछ । उल्लिखित सबै योजनाहरुको समाप्ति पश्चात कुल १,४४७.५ किलोमिटरको अप्टिकल नेटवर्क व्यावसायिक रुपमा सञ्चालनमा आउने छ ।

चालु आर्थिक वर्षको पहिलो अर्धवार्षिक अवधिमा प्रदेश १ मा फिदिम-संक्रान्ति बजार (३६ किमी), र हिले-वसन्तपुर (१९ किमी) गरी कुल ५५ किलोमिटर थप अप्टिकल फाइबर नेटवर्क व्यावसायिक रुपमा सञ्चालनमा आएको छ । इलाम-फिदिम (६८ किमी) र इटहरी-रुपनी (करिब ८६ किमी) गरी कुल १५४ किलोमिटर थप अप्टिकल फाइबर नेटवर्क निर्माण कार्य सम्पन्न भई व्यावसायिक रुपमा सञ्चालनमा आउने तयारीमा रहेको छ ।



कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेश अन्तर्गत बैतडी-झुलाघाट (७ किमी), साँफेबगर-मार्तडी (४४ किमी), गोकुलेश्वर-दार्चुला (२८ किमी), बुडर-जोगबुडा (३१ किमी) र खोड्पे-चैनपुर (९१ किमी) गरी कुल २०१ किलोमिटर थप अप्टिकल फाइबर नेटवर्क व्यावसायिक रुपमा सञ्चालनमा आएको छ ।

सल्लीबजार-जाजरकोट-आठबिसकोट (करिब १२९ किमी) अप्टिकल फाइबर नेटवर्क निर्माण कार्य सम्पन्न भई व्यावसायिक रुपमा सञ्चालनमा आउने तयारीमा रहेको छ ।

कर्णाली प्रदेशमा अप्टिकल फाइबर पुग्न बाँकी जिल्ला कालिकोट र जुम्लामा अप्टिकल फाइबर नेटवर्क विस्तारको लागि सम्झौता हुने क्रममा छ । त्यसैगरी मुगु र डोल्पामा अप्टिकल फाइबर नेटवर्क विस्तारको लागि खरिद प्रक्रियाको लागि पूर्वतयारी अघि बढाइएको छ ।



कर्णाली र सुदूरपश्चिम प्रदेशमा १० जीबीपीएस ब्याकबोन नेटवर्कलाई पूर्णरुपमा विस्थापित गरी १०० जीबीपीएस ब्याकबोन नेटवर्क सञ्चालन गरिएको छ । सम्पूर्ण क्षेत्रमा High Capacity DWDM Network तयार भई हाललाई नेपाल टेलिकमको ब्याकबोन नेटवर्कको रुपमा प्रयोग भइरहेको छ । कर्णाली प्रदेशका विकट स्थानहरुमा उच्च क्षमता (२.५ जीबीपीएस) को माइक्रोवेभ नेटवर्क सञ्चालन गर्नको लागि द्रुत गतिमा कार्य भइरहेको छ । यसका लागि आवश्यक सामग्री आपूर्तिको क्रममा रहेको र आपूर्ति पश्चात् जडान सम्पन्न गरिने छ ।

यही अवधिमा पूर्वाधार निर्माणको क्रममा एकीकृत रुपमा पूर्वाधार निर्माणको लागि काठमाडौं-मुग्लिङ सडक खण्डमा सडक विभागबाट सडक विस्तार गर्ने समयमा नेपाल टेलिकमद्वारा उपलब्ध गराइने अप्टिकल फाइबर नेटवर्क समेत विस्तार गर्ने गरी सम्झौता सम्पन्न भएको छ । यसबाट सडक निर्माणकै समयमा फाइबर नेटवर्कका लागि आवश्यक पूर्वाधार



समेत तयार हुने भएकाले एकीकृत रुपमा काम गर्न सहज हुनेछ ।

मध्य पहाडी लोकमार्ग अन्तर्गत प्रदेश १, मधेश प्रदेश र बागमती प्रदेश अन्तर्गत पूर्वको पाँचथरको चियो भञ्ज्याङदेखि पश्चिममा गोर्खा र धादिङको सिमाना आरुघाटसम्म तथा रुकुमको मुसिकोटदेखि बैतडीको झुलाघाटसम्म नेटवर्क विस्तार गर्ने गरी कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका जिल्लासहित बाँके र बर्दिया जिल्लासमेत गरी २० जिल्लामा अप्टिकल फाइबर बिछ्याइने छ । नेपाल दूरसञ्चार प्राधिकरणसँग भएको सम्झौता अनुसार नेपाल टेलिकमले अप्टिकल फाइबर बिछ्याउने कार्य गरिरहेको छ ।

कोभिड-१९ को कारणले आ.व. २०७६/७७ र २०७७/७८ मा आयोजनाले अपेक्षित रुपमा गति लिन नसकेको भए तापनि तत्पश्चात गतिशील रुपमा कार्य भइरहेको छ ।



सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: ntc.news@ntc.net.np फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, मासिक रूपमा प्रकाशित हुने यो Newsletter कम्पनीको website : www.ntc.net.np मा पनि उपलब्ध छ ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section
Co-ordinator : Shobhan Adhikari Joint Co-ordinator : Ranjeet Lohia

Editor : Umesh Raj Dahal
Editorial Team : Eka Raj Subedi, Meghanath Dhakal